आज मिति २०८२ साल चैत्र १८ गते दिनको १:०० बजे यस लमही नगरपालिकाको नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती:

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | नगर उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री नेपालु चौधरी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री मनोज कुमार चौधरी | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवास न्यौपाने | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ओम प्रसाद सुबेदी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री श्याम नारायण चौधरी | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री मोहन गिरी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री उमेश कुमार खड्का | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष बहादुर के.सी. | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री गेहेन्द्र बहादुर डाँगी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

## मिति २०८२।१२।१८ गते बसेको लमही नगर कार्यपालिकाको १७४ औं बैठकको निर्णयहरू:

**निर्णय नं.१.** लमही नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायको नयाँ ईजाजत पत्र जारी, नविकरण,नामसारी तथा खारेज गर्ने सम्बन्धी कार्यविधि, २०७५ को अधिनमा रहि देहाय बमोजिमका इजाजत पत्र जारी गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | फर्मको नाम | प्रो. को नाम | ठेगाना |
|---|---|---|---|
| १. | बगारबाबा निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. लमही दाङ । | श्री रविन्द्र खत्री | लमही -९ दाङ |
| २. | वि.एन.के निर्माण सेवा | श्री भवानी के.सी. | लमही -३ दाङ |

**निर्णय नं.२.** उज्जवल निर्माण सेवालाई विगत वर्षको बाँकी नदीजन्य पदार्थ उत्खनन् गर्न अनुमति दिने सम्बन्धमा ।

लमही नगरपालिकाको कार्यालय र उज्जवल निर्माण सेवा (प्रोप्राइटरः दीपक न्यौपाने) बीच भएको सम्झौता अनुसार कूल ४३६९६१ क्युफिट बराबरको उत्खनन कार्य गर्ने सहमति भएकोमा विभिन्न कारणवश (विशेष गरी स्थानीय बासिन्दाको विरोधका कारण) सो कार्य सञ्चालन हुन नसकी विवाद उत्पन्न भएको र निवेदकले कार्य गर्न नपाएको कारण मिति २०७९/०२/२६ गते जम्मा गरेको राजस्व रकम फिर्ता माग गर्दै नगरपालिकामा निवेदन पेश गरेको, तत्पश्चात मिति २०७९/०३/१२ गते बसेको नगर कार्यपालिकाको बैठकले आ.व. २०७९/०८० भित्र उक्त परिमाण बराबरको उत्खनन कार्य गर्न दिने निर्णय गरेको भए तापनि पुनः कार्य सञ्चालन हुन नसकेको, त्यसपछि मिति २०८०/०२/०४ गतेको कार्यपालिका बैठकले आगामी आर्थिक वर्षमा बजेट व्यवस्थापन गरी रकम फिर्ता गर्ने निर्णय गरेको तर बजेट अभाव, प्रमुख प्रशासकीय अधिकृत परिवर्तन तथा प्राविधिक कारणहरूले सो कार्यान्वयन हुन नसकेको, पुनःमिति २०८०/१२/०७ गतेको कार्यपालिका बैठकले मिति २०८१ जेष्ठ मसान्त सम्म कार्य गर्न दिने निर्णय गरेको भए तापनि फेरि कार्यालयको प्राविधिक कारणले गर्दा कार्य सम्पन्न हुन नसकी अन्ततः निवेदक अदालत गई मुद्दा दायर गरेको र सम्मानित उच्च अदालत, तुलसीपुरबाट मिति २०८१/०५/१९ गतेको आदेश (जो जे गर्नुपर्ने गरी अविलम्ब टुङ्गो लगाउनु) कार्यान्वयन सम्बन्धमा स्पष्ट नभएकोले मिति २०८२/०९/२३ गते आदेश स्पष्ट खुलाई पठाईदिने सम्बन्धमा पत्राचार गर्दा मिति २०८२/१०/२६ गते मा निवेदकको माग बमोजिम (निवेदकको निवेदन मिति २०८१/०३/१४ गते) कार्य गर्न परमादेश जारी भएको भनी आएको र मिति २०८२/११/०१ गते कार्यपालिका बैठको निर्णय नं ०२ बमोजिम नदीजन्य पदार्थ उत्खननं् गर्न दिने भन्ने निर्णय भएको थियो र सोही आधारमा मिति २०८२/१२/११ गते निवेदकबाट पुनः उत्खनन् कार्य गर्न वा रकम फिंर्ता दिन निवेदन पेश भएको सन्दर्भमा यस विषयमा नगर कार्यपालिकामा विस्तृत छलफल गर्दा नगरपालिकाको आन्तरिक श्रोत न्यून तथा बजेट अभाव रहेको कारण यस आ.व. २०८२/०८३ मा राजस्व रकम फिर्ता गर्न सम्भव नभएको ठहर गरियो, तथापि अदालतको आदेश, पूर्व निर्णयहरू तथा न्यायोचितताको आधारमा श्री उज्जवल निर्माण सेवालाई सम्झौता बमोजिमको कूल ४,३६,९६१ क्युफिट बराबर, स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तथा वातावरणीय शर्तहरूको पालना गर्दै चालु आ.व. २०८२/०८३ मा ठेक्का नलागेका कुनै एक घाटबाट कार्यपालिकाबाट पछि निर्णय गरि उत्खनन् कार्य सञ्चालन गर्न दिने निर्णय गरियो।

२०८२।१२।१८ प्रमुख प्रशासकीय अधिकृत

२०८२।१२।१८

मिति २०८२।१२।१८ गते बसेको लमही नगर कार्यपालिकाको १७४ औं बैठकको निर्णयहरू

निर्णय नं.३. यस लमही नगर कार्यपालिकाको कार्यालयमा कार्यरत, लुम्बिनी प्रदेश स्थानीय निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ७(२) बमोजिम तहमिलान भएका तपसिल बमोजिमका सातौं तहका कर्मचारीहरूलाई 'लुम्बिनी प्रदेश स्थानीय निजामती सेवाको गठन, सञ्चालन तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा ३१ बमोजिम आठौं तहमा प्रशासनिक विधी प्रकृया पुराई तहवृद्धि अनुमति दिने ।

तपसिल

| क.सं. | नाम थर | हालको पद | हालको तह | हालको तहमा ५ वर्ष सेवा अवधि पुगेको मिति | वृद्धि हुने तह | तहवृद्धि लागु हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | श्री सौगात वली | ईन्जिनियर | सातौं | २०८१।०९।२४ | आठौं | २०८१।१०।०१ |
| २ | श्री महेश थापा ठेडी | प्रशासकीय अधिकृत | सातौं | २०८१।०९।०१ | आठौं | २०८१।१०।०१ |

निर्णय नं.४. यस नगरपालिकाको विभिन्न विषयगत समितिबाट पेश भएका निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो ।

क) मिति २०८२ साल चैत्र महिनाको १५ गते बसेको लमही नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिको बैठकको निर्णयहरू अनुमोदन गर्ने ।

ख) मिति २०८२ साल चैत्र महिनाको १७ गते बसेको लमही नगरपालिकाको वन, वातावरण तथा विपद व्यवस्थापन समितिको बैठकको निर्णयहरू अनुमोदन गर्ने ।

ग) मिति २०८२ साल चैत्र १८ गते बसेको लमही नगरपालिकाको विधेयक समितिको बैठकबाट पेश भएका देहायका कानूनहरू स्विकृत गर्ने ।

तपसिल

| क.सं. | विधेयकहरू |
|---|---|
| १ | लमही नगरपालिकाको मृगौला तथा आनुवंशिक विरामीहरूको लागि रक्त खर्च अनुदान कार्यविधि, २०८२ |
| २ | लमही नगरपालिको एड्स पीडित पोषण अनुदान कार्यविधि, २०८२ |
| ३ | लमही नगरपालिकाको स्वास्थ्य कार्यक्रम व्यवस्थापन मार्ग दर्शन, २०८२ |
| ४ | लमही नगरपालिका सामुदायिक विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यविधि, २०८२ |

निर्णय नं.५. लमही नगरपालिका वडा नं. ८ मा संचालित सतबरिया जहरे गाँउ खानेपानी उपभोक्ता तथा सरसफाइ समितिले नविकरणको लागि निवेदन पेश गरेकोले लमही नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता तथा नविकरण व्यवस्थापन कार्यविधि, २०८१ को दफा (२६) बमोजिम नविकरण प्रमाणपत्र जारी गर्न स्विकृति प्रदान गर्ने ।

निर्णय नं.६. लमही आँखा अस्पतालले भवन निर्माणार्थ माग गरेको जग्गाको सम्बन्धमा लमही नगरपालिका वडा नं. ९ रिहार मा अवस्थित अन्दाजी २ विगाहा १० कट्ठा जग्गा निःशुल्क उपलब्ध गराउने ।

२०८२।१२।१८

२०८२।१२।१८

CamScanner

मिति २०८२।१२।१८ गते बसेको लमही नगर कार्यपालिकाको १७४ औं बैठकको निर्णयहरू:

निर्णय नं. ७. अर्जुनखोला बनगैघाट बाट नदीजन्य पदार्थ उत्खननका लागि भएको ठेक्का प्रक्रिया रोक्ने सम्बन्धमा बनगैं टोल विकास संस्थाबाट प्राप्त निवेदन सम्बन्धमा कार्यपालिका समक्ष जानकारी प्रस्तुत भई कानून अनुसार यथावत ठेक्का व्यवस्थापन गर्ने ।

निर्णय नं. ८. स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम साविकको स्थानीय निकाय(चैलाही गा.वि.स.) मा नियुक्त तथा कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ को उपदफा(४) मा भएको व्यवस्था बमोजिम समायोजन तथा पदस्थापन भई हाल सेवा निवृत भएका कर्मचारीहरू श्री हरीराम रावत र श्री देवराज कुमालको निवृती भरण रकम प्रचलित कानूनको अधिनमा रहि सेवा सुविधा उपलब्ध गराउने ।

निर्णय नं. ९. दिसाजन्य लेदो व्यवस्थापनको लागि ट्रिट्मेन्ट प्लान, लमही नगरपालिका वडा नं. ५ स्थित हाल डम्पिङ्ग साईडको रूपमा उपयोग भईरहेको क्षेत्रमा अजम्वरी सामूदायिक वन सँग समन्वय गरि निर्माण गर्ने ।

निर्णय नं. १०. लमही नगरपालिका १ नं. वडा कार्यालयको सिफारिस पत्रानुसार लमही नगरपालिका वडा नं.१ अन्तर्गत पर्ने साविक सोनपुर गा.वि.स. वडा नं.८।क, कि नं.२८२६ ज.वि.६७७.२६ वर्ग मिटर क्षेत्रफल भएको जग्गा निलकमल सामाजिक उद्यमी महिला सहकारी संस्था लि.ले आफ्नो संस्थाको कार्यालय प्रयोजनको लागी खरिद गर्न लागेको हुनाले लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन,२०८२ खण्ड ९) अतिरिक्ताङ्क ४ को (१२) मा भएको व्यवस्था बमोजिम उक्त जग्गा मध्ये २ कठ्ठा जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क नियमानुसार छुटको लागि सिफारिस गर्ने ।

निर्णय नं. ११. यस लमही नगरपालिका वडा नं. ३ स्थित श्री बाल जनता आ.वि. बनगाउँ र श्री बालतारा आ.वि. मजगाउँको नाममा दर्ता श्रेष्ता कायम रहेको साविक सोनपुर गा.वि.स. वडा नं. ५/ख, कि.नं. ४, ५ र ६ मा रहेको जग्गामा पोखरी निर्माण कार्य सञ्चालन गर्ने सम्वन्धमा सम्वन्धित फर्मद्वारा यस नगरपालिकाको स्वीकृत TOR बमोजिम तयार गरी पेश गरिएको IEE प्रतिवेदनलाई प्राविधिक रूपमा अध्ययन तथा विश्लेषण गर्दा प्रस्तावित कार्य तथा माटो व्यवस्थापनका उपायहरू सन्तोषजनक देखिएकाले उक्त प्रतिवेदन यस समितिबाट स्वीकृत गर्ने निर्णय गरियो। साथै, पोखरी खन्ने क्रममा निस्कने माटो मध्य आवश्यक परिमाण सोही स्थानमा बाँध निर्माण तथा पानी निकास व्यवस्थापनमा प्रयोग गर्ने र बाँकी रहने माटो IEE प्रतिवेदनमा उल्लेखित २१६०० घन मिटर मध्य ड्याम निर्माण बाहेक १४१०० घ.मि. सम्म मात्र बाहिर निकासी तथा विक्री-वितरण गर्न अनुमति दिने तथा सो परिमाण बराबरको माटोको प्रचलित दररेट अनुसारको राजस्व यस नगरपालिकाको विभाज्य खातामा अग्रिम दाखिला गरेपछि मात्र नियमानुसार उत्खनन, निकासी तथा बिक्री-वितरण कार्य सञ्चालन गर्न पाउने व्यवस्था गर्ने निर्णय गरियो। साथै, स्थलगत अनुगमनका क्रममा सम्बन्धित फर्मद्वारा मिति २०८२।१२।०२ गते सोही क्षेत्रमा उत्खनन् गरिएको करिब ४४८६ घन मिटर माटोको राजस्व रकम रु. ५,१५,०३३।६० (अक्षरुपी पाँच लाख पन्ध्र हजार तेत्तिस रुपैया र साठी पैसा मात्र) दाखिला गरिसकेको देखिएकाले सो परिमाणलाई समायोजन गरी बाँकी परिमाणको नियमानुसार राजस्व दाखिला गर्न लगाई प्रचलित कानून, नियम, मापदण्ड तथा स्वीकृत IEE प्रतिवेदनमा उल्लेखित सर्तहरू पालना गरी मात्र सञ्चालन गर्न सम्बन्धित फर्मलाई उत्खनन् अनुमति गर्न दिने निर्णय गरियो।

२०८२।१२।१८

२०८२।१२।१८

## मिति २०८२।१२।१८ गते बसेको लमही नगर कार्यपालिकाको १७४ औं बैठकको निर्णयहरू:

**निर्णय नं. १२. विविध सम्बन्धमा ।**

(क) लमही नगरपालिकामा उत्पादित कृषि उपजलाई व्यवस्थित रूपमा संकलन, बजारीकरण तथा किसानलाई उचित मूल्य उपलब्ध गराउने उद्देश्यले लमही नगरपालिका र काठमाडौं महानगरपालिका बिच एग्रो पुलिङ कार्यक्रममा सहकार्य गर्ने तथा आवश्यक समझदारी (MoU) र कार्यान्वयन प्रक्रिया अगाडि बढाउने ।

(ख) सेवाग्राही मैत्री कार्यालय वातावरण निर्माणका लागि यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका वडा कार्यालयहरूबाट निःशुल्क फोटोकपी सेवा तथा फोटो सेवा उपलब्ध गराउने ।

(ग) यस कार्यालयको दुर्घटनाका कारण क्षतिग्रस्त सवारी साधन नं. बा २ झ ४२०१ नेपालगंज बाँकेको ग्यारेजमा मर्मत संभारका क्रममा रहेको अवस्थामा मिति २०८२।११।२४ गते राती आगलागी भई पूर्ण क्षती भएकोले उक्त सवारी साधन Total Loss मा राखी यस कार्यलय र श्री सिद्धार्थ इन्सोरेन्स लि.सँग भएको सवारी साधन विमा सम्झौता अनुसार विमा रकम माग दावी गर्ने ।

(घ) यस लमही नगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्दन केन्द्र बिच भएको सम्झौता अनुसार स्वच्छ चुलो कार्यक्रम अन्तर्गत रहि ५५० वटा सुधारियको चुलो वितरण गर्दा लाभग्राहिले व्यहोर्नु पर्ने ५ प्रतिशत लागत रकम जम्मा रु. १६४,६६६.४३ यसकार्यालयको राजश्व खातामा जम्मा भएको हुदा उक्त रकम चालु आ.व. २०८२।०८३ को लागि सुधारिएको चुलो शिर्षकमा विनियोजित रकम रू.७,००,०००।- (सात लाख) बाट वैकल्पिक ऊर्जा प्रवर्दन केन्द्रको नाममा भुक्तानी दिने ।

(ङ) हाम्रो लमही पाठ्यपुस्तक निर्माणका लागि पेश भएको मापदण्ड/विषयवस्तु प्रकाशनका लागि स्विकृत दिने ।

(च) लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालयको हाता भित्र रहेको गोदाम घर भन्दा पश्चिम तर्फ र साई राम मन्दिरको पूर्व दक्षिण तर्फ रहेको खाली क्षेत्रमा यस कार्यालयको सेवा केन्द्रको भवन (Safe House) निर्माण गर्ने ।

(छ) स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा व्यवस्था भए बमोजिमको मापदण्ड बमोजिम यस कार्यालयले पुरा गरेको गत आ.व. २०८१।०८२ अवस्थाका बारेमा बिस्तृत छलफल गरि परिमार्जन सहित प्रमाणिकरण गरियो ।

८२।१२।१८
नगर प्रमुख

०८२।१२।१८
प्रमुख प्रशासकीय अधिकृत

# मिति २०८२।१२।१८ गते बसेको लमही नगर कार्यपालिकाको १७४ औं बैठकको निर्णयहरू:

(ज) आ.व. २०८२।०८३ मा आन्तरिक रोजगारी सिर्जना प्रवर्द्धन क्रियाकलाप संचालनका लागि संघीय ससर्त अनुदान रु. ४,७२,०००।- र नगरपालिकाको साझेदारी रु. ४,७२,०००।- गरि कुल रु.९,४४,०००।- रकम तपसिलका वडाहरुमा सुचिकृत वेरोजगार व्यक्तिको आधारमा बाडफाड गरि तपसिलका आयोजना संचालन गर्ने ।

तपसिल

| वडा नं. | आयोजनाको नाम | सुचिकृत वेरोजगार व्यक्तिको संख्या | वजेट बाडफाड रु. |
|---|---|---|---|
| १ | सितालापुर बौराहा देखि तिसवाखोला जाने बाटो निर्माण, लमही न.पा. वडा नं. १ | ५२ | ३,४४,०००।- |
| २ | लमही न.पा. वडा न. ५ मा रहेका नाला तथा झाडी सरसफाइ र मर्मत | ५७ | २,००,००० ।- |
| ३ | लमही न.पा. वडा न. ६ जोगीकुटी जाने बाटो मर्मत | १९ | १,००,००० ।- |
| ४ | लमही न.पा. वडा न.८ असानीको कुलो मर्मत तथा सफाइ | ६० | ३,००,००० ।- |

(झ) तराई मधेश सम्वृद्धि कार्यक्रमको मापदण्ड बमोजिम लागत सहभागीतामा यस नगरपालिकाको आवश्यकता अनुसार प्राथमिकिकरण गरि तपसिलका योजनाहरू छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | रकम रू. |
|---|---|---|
| १ | राजमार्गबाट जनकपुर-वनघुर्सी- हसनापुर-बन्नै हुदै कमानपुर जाने बाटो कालोपत्रे, लमही न.पा. | १,००,००,०००।- |
| २ | निम्बुखुटी बिजुलीपुर डिप बोरिङ(सिंचाई विस्तार) लमही न.पा. | १,००,००,०००।- |
| ३ | लमही न.पा. वडा नं. ३ र ४ जोड्ने सडक स्तरोन्नति | १,००,००,०००।- |

२०८२।१२।१८
प्रमुख प्रशासकीय अधिकृत

२०८२।१२।१८
नगर प्रमुख

मिति २०८२।१२।१८ गते बसेको लमही नगर कार्यपालिकाको १७४ औं बैठकको निर्णयहरू:

(ञ) सरकारले कानुनी रूपमा नै कर्मचारीले पालना गर्नुपर्ने विभिन्न आचरणसम्बन्धी व्यवस्था गरे पनि त्यसको कार्यान्वयन र पालनामा कमिकमजोरी देखिएकोले सेवाग्राहीहरूको आवश्यकता पहिचान र सम्बोधन, सांगठनिक मूल्य प्रवर्द्धन, सेवाग्राहीको भावना अन्तरबोध, तथा र कानून कार्यान्वयनमा स्वयंचालित रूपमा कर्मचारीलाई अनुशासित र सदाचारी बनाउन कार्यालय समय भन्दा १५ मिनेट पछि र कार्यलय बन्द हुने समय भन्दा अगाडी सम्म सम्पूर्ण कार्यलयमा रहेको विद्युतिय हाजिरी मेसिनमा हाजिर बन्द गर्ने तथा कार्यालय प्रमुखको पूर्व स्विकृति/ सूचना बेगर कार्यालयमा अनुपस्थित रहने कर्मचारीहरूको पछि आएर विदा/काज स्विकृति नदिने । अनुपस्थित दिनको तलब कट्टा गर्ने ।

(ट) यस लमही नगरपालिकाको प्राथमिकतामा रहेको स्वास्थ्य पूर्वाधार सुदृढीकरण अन्तर्गत लमही अस्पताल भवन निर्माण कार्य सम्पन्न गर्न आवश्यक देखिएकोले योजनाको विस्तृत लागत अनुमान (Estimate) संलग्न गरी आर्थिक वर्ष २०८२/०८३ मा रु. १,००,००,०००/- (एक करोड रुपैयाँ मात्र) बजेट विनियोजनका लागि जिल्ला समन्वय समिति, दाङ (घोराही) समक्ष अनुरोध गर्ने ।

२०८२।१२।१८      १२।१८

प्रमुख प्रशासकीय अधिकृत      नगर प्रमुख

CamScanner